आज मिति २०८२ चैत्र २३ गते सोमवारका दिन बिहान ११:०० बजे यस लिखु तामाकोशी गाउँपालिका, धोबी बजार, रामेछापमा गाउँपालिका जनप्रतिनिधि तथा कर्मचारीहरुबिच स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) को प्रारम्भिक प्रतिवेदनको समिक्षा बैठक एवं यस चालु आ.व. २०८२/०८३ को अर्धबर्षिक समिक्षा/तेस्रो त्रैमासिक समिक्षा यसै गाउँपालिकाका अध्यक्ष श्री केशब महत ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसारका प्रस्ताव/छलफलका विषयहरुमा समिक्षा गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| नाम थर | पद | हस्ताक्षर\दस्तखत |
|---|---|---|
| १) श्री केशब महत | अध्यक्ष | |
| २) श्री दिपा पाख्रिन | उपाध्यक्ष | |
| ३) श्री रामसिंह डडाल | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| ४) श्री किशोरी प्रसाद साह | | |
| ५) श्री जयकृष्ण लामागाईं | | |
| ६) श्री सिजना खड्का | | |
| ७) श्री | | |
| ८) श्री सन्तोष जि.सी. | योजना शाखा प्रमुख | |
| ९) श्री सुजना दवाडी | | |
| १०) श्री विश्व ना० आचार्य | | |
| ११) श्री सरस्वती घिमिरे | | |
| १२) श्री नन्दा रोकाय | | |
| १३) श्री रितु नेपाली | | |
| १४) श्री सन्ध्या पौडेल | | |
| १५) श्री सुमित्रा लामा | | |
| १६) श्री कोपिला बोहरा | | |
| १७) श्री अनिता श्रेष्ठ | | |
| १८) श्री सुमित्रा तामाङ | | |
| १९) श्री नमुना के.सी. | | |
| २०) श्री सुरज कुमार बस्नेत | | |

२१) श्री ..............................

२२) श्री ..............................

२३) श्री ..............................

२४) श्री ..............................

२५) श्री ..............................

२६) श्री ..............................

२७) श्री ..............................

२८) श्री ..............................

२९) श्री ..............................

३०) श्री ..............................

३१) श्री ..............................

३२) श्री ..............................

३३) श्री ..............................

३४) श्री

आमन्त्रित /बैठक सहयोगी


## प्रस्तावहरु/निर्णयहरु

**निर्णय नं. १:**(Local Governance Performance Assessment System: LGPAS) **छलफल सम्बन्धमा**

**स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली** (Local Governance Performance Assessment System: LGPAS) **का लागि गठित स्वःमूल्याङ्कन समन्वय** समितिले आ. व. २०८१/०८२ को स्वमूल्याङ्कन चालु आ. व. २०८२/०८३ को मिति २०८२ चैत्र २० भित्र सम्पन्न गरी प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिमा पठाइसकेको हुँदा उक्त प्रतिवेदनमा संशोधन गर्ने क्रममा सम्बन्धित विषयगत शाखासँग आवश्यक छलफल तथा समन्वय गरि, कार्यपालिका मार्फत जिल्ला समन्वय समितिको पृष्ठपोषण समेतको आधारमा सूचकगत अङ्क र सोको पुष्ट्याईका प्रमाण तथा कागजातको अध्ययन तथा विश्लेषण गरी स्वःमूल्याङ्कन नतिजालाई अन्तिम रुप दिई निर्णयसहित मिति २०८२ चैत्र मसान्तभित्र गाउँपालिकाले प्रणालीमा स्वमूल्याङ्कनको अन्तिम प्रविष्टि गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो।

**हालको प्रारम्भिक प्रतिवेदनको अवस्थाः**

क्षेत्र अनुसार प्रदर्शन




मध्यम 67.0%

313/313

**मूल्याङ्कन प्रगति**







## निर्णय नं. २: पुष्ट्याईका आधारको प्रमाणीकरण सम्बन्धमा ।

LGPAS प्रणालीमा प्रविष्टि गरिएका अनुसूची १ बमोजिमका पुष्ट्याईका आधारहरूमध्ये आधिकारिक प्रकाशित दस्तावेज वा सो को अंश बाहेकका विवरण तथा कागजातहरु सम्बन्धित शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेको हुनुपर्नेछ कानूनी प्रावधान अनुसार अनुसूची-१ बमोजिम प्रमाणित गरी प्रविष्ट गरिएका विवरण तथा प्रमाण कागजात गुणस्तर परीक्षणका क्रममा रुजु गर्दा अन्यथा पाइएमा सोको कानूनी जवाफदेहिता सिफारिस गर्ने र प्रमाणित गर्ने पदाधिकारीको हुने हुँदा रुजु गरि फिर्ता भएका दस्तावेजहरुको पुनः सम्बन्धित शाखाले सोहि बमोजिम गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३: नतिजाको गुणस्तर परीक्षण सम्बन्धमा ।

नतिजाको गुणस्तर परीक्षण गर्दा मन्त्रालयले समग्र मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चित गर्न स्वःमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण गर्ने भएकाले तपसिल बमोजिमको बुदाँमा गम्भिर हुने,

(क) प्रणालीमा पुष्ट्याईका आधारका रुपमा प्रविष्टि भएका कागजातको अध्ययन तथा विश्लेषण (डेस्क रिभ्यु),
(ख) स्थलगत अवलोकन,
(ग) सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया,
(घ) तथ्य, तथ्याङ्कको परीक्षण ।

स्वःमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण गर्दा माथि उल्लेखित कार्य हुने भएकाले सम्पूर्ण शाखाले आफ्नो सूचकहरुको व्यवस्थित दस्ताबेजिकरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>: २०८२/०८३ को अर्धबार्षिक समिक्षा प्रतिवेदन सम्बन्धमा।**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम हरेक शाखा/वडा कार्यालय तथा मातहतका कार्यालयले मिति २०८२/१२/२७ भित्र चालु आ.व. २०८२/०८३ को समग्र भौतिक र वित्तिय प्रगति सहितको अर्धवार्षिक समिक्षा प्रतिवेदन तयार गरि **लिखु तामाकोशी गाउँपालिका अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८२** चैत्रमसान्त भित्र सार्वजनिक गर्ने निर्णय गरियो।

**<u>प्रतिवेनमा हुनुपर्ने मुल विषयहरु</u>:**

१) समष्टिगत आर्थिक तथा वित्तीय स्थिति,

२) बजेट खर्च र स्रोत परिचालन,

३) आयोजनाको प्रगतिको अवस्था,

४) शाखागत उपलब्धि,

५) देखिएका समस्याहरु,

६) कार्यक्रम कार्यान्वन /व्यवस्थापनमा गरिएका सुधारका प्रयासहरु,